# अन्तःशुल्क (वाह्रौं संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।३।३१

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अन्तःशुल्क (वाह्रौं संशोधन) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम ३० मा संशोधनः** अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३० को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) सिगारको प्रत्येक बट्टामा र मुखमा राख्ने खैनी वा सुर्तीको प्रत्येक प्याकेट, बट्टा वा पोकामा विभागले तोके वमोजिम अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।"

३. **मूल नियमावलीको अनुसूची-२ मा संशोधनः** मूल नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छः-

नेपाल कानून आयोग

# "अनुसूची-२

(नियम ३ र ५ सँग सम्बन्धित)

## इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :-

१. मदिरा र इथानोल उत्पादन तर्फ :-

| | | |
|---|---|---|
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.८०,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.८०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.८०,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.४०,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु.८०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.१००,०००।- |

२. मदिरा विक्री वितरण तर्फ :-

(क) होटल, रेष्टुरेण्ट तथा लजहरूको लागि :-

| | | |
|---|---|---|
| (१) | पाँचतारे होटल | रु.३०,०००।- |
| (२) | चारतारे होटल | रु.२५,०००। |
| (३) | तीनतारे होटल | रु.१८,०००।- |
| (४) | दुईतारे होटल | रु.१२,५००।- |
| (५) | एकतारे होटल | रु. ७,०००।- |
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोट | रु. ५,०००।- |
| (७) | स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,०००।- |



नेपाल कानून आयोग

(ख) मदिरा विक्रेताको लागि :-

| | | |
|---|---|---|
| (१) | मदिरा वितरक | रु. २०,०००।- |
| (२) | थोक विक्रेता | रु. १२,०००।- |
| (३) | स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता | रु. ८,०००।- |
| (४) | महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकामा स्वदेशी<br>मदिरा मात्र विक्री गर्ने खुद्रा विक्रेता | रु ६,०००।- |
| (५) | महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका बाहेकका<br>अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र विक्री गर्ने खुद्रा विक्रेता | रु.२०००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु.१०,०००।- |

(ग) मदिरा निकासी तथा पैठारीकर्ताको लागि :-

| | | |
|---|---|---|
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु.२०,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु.३,५००।- |

(घ) चुरोट निकासीकर्ता :-

| | | |
|---|---|---|
| (१) | नेपालबाहिर चुरोट निकासीकर्ता | रु.३,५००।- |

नेपाल कानून आयोग

**३. पैठारी तथा अन्य वस्तु खरिद विक्री र उत्पादन तर्फ :-**

| | | |
|---|---|---|
| (क) | विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारी गर्नेको लागि | रु.१०,०००।- |
| (ख) | विदेशी खैनी, जर्दा, नश, पानपराग वा पान मसला पैठारी गर्नेको लागि | रु.२५,०००।- |
| (ग) | पान पराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती वा सुर्तीजन्यवस्तु थोक खरिद बिक्री गर्नेको लागि | रु.५,०००।- |

| | | |
|---|---|---|
| (घ) | पान पराग, पान मसला, खैनी, जर्दा, नश, सुर्ती, वा सुर्तीजन्य वस्तु(चुरोट वाहेक) उत्पादन गर्नेको लागि | रु.२५,०००।- |
| (ङ) | चुरोट, खैनी, जर्दा, नश, पान पराग, सुर्ती वा पान मसला खुद्रा खरिद बिक्री गर्नेको लागि | रु.१,५००।- |
| (च) | विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि | रु.८,०००।- |
| (छ) | खुदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि | रु.३,५००।- |
| (ज) | इँटा उत्पादन गर्ने उद्योगका लागि प्रति भट्टा | रु.१,५०,०००।- |
| (झ) | स्टोन क्रसर (गिट्टी रोडा उत्पादन वा निकासी गर्ने उद्योग) | रु.१,००,०००।- |
| (ञ) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि :-<br>(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु.१५,०००।- |
| | (२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) | रु.३०,०००।- |

४. माथी प्रकरण १,२ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूँजीको आधारमा प्रत्येक १ लाख रुपैयाँ स्थिर पूँजी भएको प्रतिष्ठानलाई तीस रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम पाँच हजार रुपैयाँ भन्दा कम र अधिकतम पच्चीस हजार रुपैयाँ भन्दा बढी हुने छैन ।

**<u>दृष्टव्य</u>**: (१) यस अनुसूची बमोजिमको दस्तुर काठमाडौं उपत्यका बाहिरका इँटा उद्योगको हकमा पच्चीस प्रतिशत र दुर्गम क्षेत्रका फलफूलमा आधारित वाइन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा वढी किसिमको मदिरा खरिद विक्री गर्ने भएमा सबभन्दा वढी दरको दस्तुर मात्र वुझाए पुग्नेछ ।

(३) इँटा उत्पादक र स्टोन क्रसर उद्योगले प्रकरण ३ को खण्ड (ज) वा (झ) बमोजिम बुझाउनु पर्ने रकममध्ये बीस प्रतिशत इजाजतपत्र लिँदा, चालीस

नेपाल कानून आयोग

प्रतिशत माघ मसान्तसम्म र बाँकी रकम जेठ मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएको छ ।

(४) मूल्य अभिवृद्धि करमा दर्ता भएका इँटा उत्पादन र स्टोन क्रसर उद्योगहरूले इजाजतपत्र दस्तुर तिर्नु पर्ने छैन ।

तर यस्तो इँटा उत्पादक र स्टोन क्रसर उद्योगले एक आर्थिक वर्षका लागि बुझाउनु पर्ने इजाजतपत्र दस्तुर भन्दा कम मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम इजाजतपत्र दस्तुर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधिभित्र दाखिला नगरेमा सोमा ऐन बमोजिम बिलम्ब दस्तुर लाग्नेछ ।

(५) यस अनुसूचीको प्रकरण ३ को खण्ड (क), (ख), (ग), (घ) र (झ) मा तोकिएको इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर काठमाडौं उपत्यका भन्दा बाहिरका इजाजतपत्रवालाका हकमा पच्चीस प्रतिशतले कम लाग्नेछ ।”

नेपाल कानून आयोग